# बेसीशहर नगरपालिका

कृषि शाखा, बेसीशहर,लमजुङ

गण्डकी प्रदेश,नेपाल

## कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति २०७६/०४/२८**

संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम र बेसीशहर नगरपालिका लमजुङ बेसिशहरको कृषि तर्फको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलअनुसारका कार्यक्रम संचालन गर्न लागीएकोले बेसिशहर नगरपालिका भित्रका कृषक, कृषक समुह, कृषिसहकारी र कृषि उधमीहरुले यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र प्रस्ताव भरि यस कार्यालयमा दरखास्त दिनु हुन यो सुंचना प्रकाशित गरिएको छ। थप जानकारीका लागि बेसिशहर नगरपालिका कृषि शाखामा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

तपशिल

| क्र.स. | कार्यक्रमहरु | संख्या | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | स्थायी प्लास्टिक घर निर्माण | ३० | ५०% | ❖ एउटा कलस्टरमा कम्तिमा १० बटा हुनुपर्ने<br>❖ कृषक समुह / कृषि सहकारी लाई प्राथमिकता दिइने<br>❖ कृषक बर्गिकरण परिचय पत्र हुनुपर्ने छ<br>❖ वडाको सिफारिस हुनपर्ने छ |
| २. | ५० प्रतिशत अनुदानमा सिल्पोलिन प्लास्टिक बितरण | ५० | ५०% | • कृषक बर्गिकरण परिचय पत्र हुनुपर्नेछ |
| ३. | कृषि ब्यबसाय जग्गा चक्लाबन्दि कार्यक्रम अर्न्तगत भाडामा अनुदान | | ५०% | • कम्तिमा १० रोपनी जग्गा भाडामा लिई ब्यबसायीक रुपमा तरकारी खेति गरेको हुनपर्ने<br>• वडाको सिफारिस पत्र हनुपर्ने<br>• कृषक वर्गिकरण परिचय पत्र हुनुपर्ने |
| ४. | मौरी पकेट क्षेत्र प्याकेज कार्यक्रम गोलासहित मौरी तथा खालि मौरी घार वितरण | ३०० खाली<br>१०० गोलासहित | ५०% | • कम्तिमा गोलासहितको ५ घार र बढिमा १५ घार मौरि पालिराखेको कृषक हुनुपर्ने छ<br>• वडाको सिफारिस हुनुपर्ने<br>• कृषक बर्गिकरण परिचय पत्र हुनु पर्ने |
| ५. | स्कीन हाउसमा कागति नर्सरि स्थापना | २ | | • नर्सरी दर्ताको प्रमाण पत्र भएको<br>• पान नं भएको<br>• हाल नर्सरी गरिरहेको |
| ६. | च्याउ बिउ तथा सामाग्री सहयोग कार्यक्रम | | ५०% | • च्याउखेती गर्ने इच्छुक कृषकले निबेदन दिने |
| ७. | सहकारी सिचाई,साना सिचाई मर्मत सम्भार तथा निर्माण | | | • ०७६ असार मसान्त सम्म दर्ता भएको समुहको प्रमाणपत्र<br>• पानिको मुलमा बिबाद छैन भन्ने वडाको सिफारिस<br>• कृषक सहकारी/समुहको निर्णय |
| ८. | भकारो सुधार | ३० | | • कम्तिमा २ वटा पशु पालेको हुनुपर्ने,<br>• एउटा क्लस्टरमा १० वटा भकारो हुनुपर्ने<br>• ब्यबसायिक रुपमा तरकारी खेति गरेको हुनुपर्ने |
| ९. | कृषि यान्त्रिकरण तथा उपकरण सहयोग (मिनी टिलर) | २८ | ५०% | • कृषि सहकारी, कृषक समूह र व्यवसायीक कृषक हुनपर्ने<br>• कृषि सहकारी तथा कृषक समूहको मिनी टिलर माग गर्ने निर्णयको प्रतिलिपी हुनपर्ने |

प्रस्ताव पेश गर्नको लागि आवेदन दिन आवश्यक कागजातहरु

१.कृषक समुह र कृषि सहकारी संस्थाको हकमा दर्ता प्रमाण पत्र,वार्षिक अडिट रिपोर्ट र संस्था संचालक समितिको बैठक निणर्यको प्रतिलिपि।

२. खेती गरिने जमिनको लाल पुर्जाको प्रतिलिपि साथै करारमा लिएको जग्गाको हकमा कम्तीमा ५ बर्षको करार नामाको प्रतिलिपि।

३. सम्बन्धित स्थानिय तहको वडामा कृषक वर्गीकरण फारमको प्रतिलिपि।

३. सम्बन्धित स्थानिय तह वा वडाको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपपुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।

मोहनप्रसाद मरासिनी

प्रमुख प्रशासकीय अधिकृत